बैठक संख्या -४ (चार)

आज मिति २०८३ साल कात्तिक १३ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

१	नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने रामेछाप नगरपालिका रामेछाप	अध्यक्ष
२	नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा रामेछाप नगरपालिका रामेछाप	सदस्य
३	का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की रामेछाप नगरपालिका रामेछाप	सदस्य
४	वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ रामेछाप नगरपालिका रामेछाप	सदस्य
५	वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान रामेछाप नगरपालिका रामेछाप	सदस्य
६	वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर रामेछाप नगरपालिका रामेछाप	सदस्य
७	वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ रामेछाप नगरपालिका रामेछाप	सदस्य
८	वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ रामेछाप नगरपालिका रामेछाप	सदस्य
९	वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की रामेछाप नगरपालिका रामेछाप	सदस्य
१०	वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ रामेछाप नगरपालिका रामेछाप	सदस्य
११	वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ रामेछाप नगरपालिका रामेछाप	सदस्य
१२	कार्यपालिका सदस्य श्री रुकुम हायू रामेछाप नगरपालिका रामेछाप	सदस्य
१३	कार्यपालिका सदस्य श्री राम बहादुर माझी रामेछाप नगरपालिका रामेछाप	सदस्य
१४	कार्यपालिका सदस्य श्री रमेश कामी रामेछाप नगरपालिका रामेछाप	सदस्य

१५	कार्यपालिका सदस्य श्री यम कुमारी मगर रामेछाप नगरपालिका रामेछाप	सदस्य
१६	कार्यपालिका सदस्य श्री शर्मिला वि.क. रामेछाप नगरपालिका रामेछाप	सदस्य
१७	कार्यपालिका सदस्य श्री शान्ती तामाङ रामेछाप नगरपालिका रामेछाप	सदस्य
१८	कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली रामेछाप नगरपालिका रामेछाप	सदस्य
१९	कार्यपालिका सदस्य श्री सविना मोक्तान रामेछाप नगरपालिका रामेछाप	सदस्य
२०	प्रमुख प्रशासकीय अधिकृत श्री हरिकृष्ण बुढाथोकी रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप	सदस्य सचिव

<u>छलफलका विषयहरु:</u>

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।
२. सघन शहरी विकास कार्यक्रम अन्तर्गतका योजना छनौट सम्बन्धमा ।
३. साविक जिल्ला मालपोत कार्यालय, रामेछाप, जिल्ला हुलाक कार्यालय, रामेछाप र जिल्ला प्रहरी कार्यालय, रामेछापको नाममा कायम रहेको जग्गा फिर्ता सम्बन्धमा ।
४. विविध ।

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप बजार, रामेछाप बागमती प्रदेश, नेपाल २०७३

.....
(लवश्री स्यौपाने)
प्रमुख

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

पूर्वाधार विकास मन्त्रालयको चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछाप मार्फत कार्यान्वयन हुने गरी शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम अन्तर्गत रु.१,५०,००,०००।-(एक करोड पचास लाख मात्र) र सघन शहरी विकास कार्यक्रम अन्तर्गत रु. ३,००,००,०००।-(तीन करोड मात्र) बजेट विनियोजन भएकोमा सो कार्यक्रम अन्तर्गत देहायका आयोजना सञ्चालन गर्न शहरी विकास तथा भवन निर्माण आयोजनामा सिफारिस गर्ने निर्णय गरियो ।

क) सघन शहरी विकास कार्यक्रम अन्तर्गत

- मानेडाँडा-बुद्धचोक-एफ.एम-जलाधार सडक स्तरोन्नती रा.न.पा.८, रामेछाप
- रातटार-मानेडाडा-पहराटोल-घैयाबारी-पालेवन सडक स्तरोन्नती रा.न.पा.७,८, रामेछाप
- भिमसेनथान-सिन्दुरेबोट-जुधेवादी सडक सरोन्नती रा.न.पा.९, रामेछाप
- हस्पिटल-रोड पैदल मार्ग रा.न.पा.८, रामेछाप
- माथिल्लो बजार-गौरीशंकर-ट्याङ्गीगैरा सडक स्तरोन्नती रा.न.पा.८, रामेछाप
- रामेछाप हाटबजार व्यवस्थापन रा.न.पा.८, रामेछाप
- डुकुरसिंह डाडा पथमार्ग निर्माण रा.न.पा.८, रामेछाप
- झगरेचौर पार्क व्यवस्थापन रा.न.पा.८, रामेछाप
- पालेवन पार्क व्यवस्थापन रा.न.पा.७, रामेछाप

ख) ख) शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम अन्तर्गत

- कोलडाँडा-गणेश-चोक-डुम्रिखर्क-सल्ले-धारापानी-कालिआप सडक स्तरोन्नती रा.न.पा. ८, रामेछाप
- भालुखोप- ओखेनी सडक स्तरोन्नती रा.न.पा.६, रामेछाप
- चाम्बोट-च्यास्कु-कोलन्जोरघाट सडक स्तरोन्नती रा.न.पा.६,५, रामेछाप
- सेताघरे-रातमाटा-देवालीचौर-सेरावेशी लोर्खु सडक स्तरोन्नती रा.न.पा.१, रामेछाप
- पालेवन-सिम्ले सडक स्तरोन्नती रा.न.पा.७, रामेछाप
- रामेछाप-मुडाजोर-विर्ता सडक स्तरोन्नती रा.न.पा.७, रामेछाप
- रामपुर झराप्दी सडक स्तरोन्नती रा.न.पा.५, रामेछाप
- थाक्लेडाँडा-वडा कार्यालय सडक स्तरोन्नती रा.न.पा.३, रामेछाप

निर्णय नं. ३

साउने-बोलडबोलड-बरबोटे सडक सघन शहरी तथा भवन निर्माण आयोजनाबाट डि.पि.आर भई हालसम्म पनि कार्यान्वयन नभएकोले उक्त योजनालाई पनि प्राथमिकता दिई कार्यान्वयनमा लैजान सघन शहरी विकास तथा भवन निर्माण आयोजना मन्थली, रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

रामेछाप नगरपालिका स्थित खड्गदल गणले भोगचलन गर्दै आएको सार्विक जिल्ला मालपोत कार्यालय, रामेछाप, जिल्ला हुलाक कार्यालय, रामेछाप र जिल्ला प्रहरी कार्यालय, रामेछापको नाममा दर्ता कायम रहेको जग्गामा सम्बन्धित कार्यालयको भवन निर्माण गर्नु पर्ने भएकोले उक्त जग्गा खाली गर्न/गराउन सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नेपाल सरकार तथा प्रदेश सरकारको पूर्ण वा आंशिक सशर्त अनुदानबाट तलब भत्ता खाई पाई आएका कर्मचारीहरुलाई उल्लेखित अनुदानको सीमामा रही नेपाल सरकारले तोकेको प्रचलित स्केल बमोजिमको तलब भत्ता भुक्तानी गर्ने सम्बन्धमा उद्यम विकास सहजकर्ता पदमा कार्यरत रही राजश्व, उद्योग, वाणिज्य र सहकारी शाखामा सहायक कर्मचारीमा कार्य गर्ने श्री मनिषा अधिकारीको हकमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८२ को दफा ४७ को उपदफा १ बमोजिम एक जना उद्यम विकास सहजकर्ता बराबर हिमाली जिल्लाका स्थानीय तहको हकमा २० जना नयाँ लघु उद्यमी सिर्जना गर्ने भनी काम, कर्तव्य र जिम्मेवारी तोकिएको र रामेछाप नगरपालिकाको चालु आ.ब. २०८३/०८४ मा २१ जना नयाँ लघु उद्यमी सिर्जना गर्ने लक्ष्य भएको तथा उद्यम विकास सहजकर्ताको पारिश्रमिक रकम रु.८,२७,०००।- संघीय सरकार सशर्त अनुदानमा बजेट स्वीकृत भई आएकोले निजलाई २०८३ साल श्रावण महिना देखि लागू हुने गरी सहायक स्तर चौथो तहको पारिश्रमिक दिने सम्बन्धी उद्यम विकास समितिको मिति २०८३ आश्विन १४ गतेको निर्णय अनुमोदन गर्ने एवं प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम तर्फ कार्यरत सूचना प्रविधि अधिकृत, श्री दिपक कुमार श्रेष्ठको सशर्त अनुदानबाट प्राप्त हुने रकमबाट अधिकृत स्तर सातौं तहको सुरु तलब स्केल बराबरको रकम श्रावण महिना देखि लागु हुने भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ६

२०८३ सालको बडा दशै/तिहार/छठ लगायतका पर्वहरुलाई लक्षित गरी नगरपालिका भित्र रहेका बडा तथा नगर स्तरीय कच्चि सडकहरुमा सवारी आवागमन सहज गर्न कोटेसन विधि मार्फत उक्त सडकहरु मर्मत सम्भार तथा स्तरोन्नती गरिएकोमा सोको अनुमोदन गरियो ।

निर्णय नं. ७

२०८३ कात्तिक १० गते नगर प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा बसेको बैठकले मिति २०८३ मंसिर ५ र ६ गते रामेछाप सम्पदा पद मार्ग घोषणा तथा पदयात्रा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेकोले उक्त कार्यक्रमको बजेट खर्च शीर्षक नं.२२५२२ कार्यक्रम खर्चबाट खर्च गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

.....
हरिकृष्ण बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार रामेछाप
बागमती प्रदेश, नेपाल
२०७३

.....
लवश्री न्यौपाने
प्रमुख